# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालय कीर्तिपुर

मितिः- २०८२।०८।१४

चलानी नं. ..................

**स्नातकोत्तर (MA) तथा अधिस्नातक (PGD) तहका शैक्षिक कार्यक्रम अन्तर्गत दोस्रो सेमेष्टरको सत्रान्त परीक्षाको अनलाइन (Online) परीक्षा फाराम भर्ने सम्बन्धी जरूरी सूचना**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सिमेष्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर तहका (MA) विभिन्न शैक्षिक कार्यक्रमहरूको दोस्रो सेमेष्टरका २०२४ का नियमित तथा २०२० देखि यताका आंशिक परीक्षार्थीको रुपमा सत्रान्त परीक्षा २०८२ माघ तेस्रो हप्ताबाट गर्ने गरी उक्त परीक्षाको लागि अनलाइन परीक्षा फाराम भर्न निम्नानुसार खुला गरिएको व्यहारा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

विद्यार्थीहरूले आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सक्ने छन् । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ ।

- **परीक्षा फाराम भर्ने समयावधिः** मिति २०८२ साल मंसिर १५ गतेदेखि पौष २० गतेराति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोव्वर दस्तुरमा २०८२ साल पौष ३० गतेराति १२:०० बजेसम्म अनलाइन भर्न सकिनेछ ।
- **परीक्षा दस्तुरः** नियमित कार्यक्रमका लागि रु.१५००।- (अक्षरेपी एकहजार पाँचसय मात्र) र आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रहरूका लागि रु.२५००।- (अक्षरेपी दुईहजार पाँचसय मात्र) प्रति विद्यार्थीले अनलाइन फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- परीक्षार्थीले अनलाइन परीक्षा फाराम भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्वन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्य रूपमा अनलाइन फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षार्थीको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- सम्वन्धित विभाग, क्याम्पस/कलेजहरूले विद्यार्थीले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण (स्थानान्तरण भइ आएका विद्यार्थीको हकमा प्राविधिकसँगको समन्वयमा) परीक्षा फाराममा अनलाइन मार्फत भर्नुपर्ने छ ।
- सम्वन्धित क्याम्पस/कलेज/विभागहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको ID र Password प्रयोग गरी विद्यार्थीले भरेका अनलाइन परीक्षा फाराम मिति २०८२ पौष २२ गतेभित्र र दोव्वर दस्तुरको हकमा माघ ३ गतेभित्र अनिवार्य रूपमा रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ । उक्त समयावधिभित्र रूजु र प्रमाणित नगरेको अवस्थामा अन्यथा हुन गएको खण्डमा सम्वन्धित क्याम्पस/कलेज/विभाग नै जवाफदेही हुनुपर्ने छ ।

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

- विद्यार्थीले भरेका र क्याम्पस/विभागले भर्नु पर्ने सम्पूर्ण विवरणहरू (विद्यार्थी हाजिरी, अन्तरिक मूल्याङ्कन लगायत अन्य आवश्यक विवरणहरू) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्वन्धित विभाग/कार्यक्रमको पत्र सहित विद्यार्थीका आन्तरिक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) मिति २०८२ पौष मसान्तसम्म यस कार्यालयमा अनिवार्य रूपमा बुझाउनु पर्नेछ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीको प्रवेश पत्र मिति २०८२ साल माघ ६ गतेबाट सम्वन्धित विद्यार्थीले आ-आफ्नै username र password प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् र उक्त प्रवेशपत्र कलर प्रिन्ट गरी सम्वन्धित क्याम्पस/विभाग/कार्यक्रमको छाप अनिवार्य रुपमा लगाइ परीक्षा अवधिभर आफ्नो साथमा राख्नु पर्नेछ । सम्वन्धित क्याम्पस/विभाग/कार्यक्रमको छाप नभएको प्रवेशपत्र परीक्षामा सामेल हुनका लागि मान्य हुने छैन ।

नोटः यस सङ्काय अन्तर्गत चार वटै सेमेष्टरका सबै पाठ्यांशहरू (शोधपत्र सहित) को कूल ग्रेड CGPA 3.00 भन्दा कम भएर Transcript पाउन नसकेका स्नातकोत्तर (MA) तहका शैक्षिक वर्ष 2021 (Batch 2021) देखि यताका विद्यार्थीले नियमित चक्रमा पहिलो, दोस्रो, तेस्रो र चौथो सेमेष्टरका कुनै दुई विषयमा ग्रेड सुधार परीक्षा (Grade Improvement Examination) का निमित्त परीक्षा फाराम भर्न पाइने प्रावधान बमोजिम अघिल्ला परीक्षाहरूमा २ वटा विषय नपुगेको भएमा यस सेमेष्टरमा नियम बमोजिम ग्रेड सुधार परीक्षा (Grade Improvement Examination) का निमित्त अनलाइन परीक्षा फाराम भर्न सक्ने छन् ।

डा. चिरञ्जीवी आचार्य
सहायक डीन

मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np